नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## (वातावरण तथा विपद् व्यवस्थापन शाखा)

सिंहदरबार, काठमाडौं

email:cdms.mofaga@g

पत्र संख्याः-वा.त.वि.व्य.शा./२०८१/०८२
चलानी नं.:- ९३६

मितिः२०८१/१२/०४
नेपाल संवत् ११४५ चिल्लागा

श्री काठमाडौं महानगरपालिका, काठमाडौं,
श्री ललितपुर महानगरपालिका, ललितपुर,
श्री कागेश्वरी मनोहरा नगरपालिका, काठमाडौं
श्री कीर्तिपुर नगरपालिका, काठमाडौं
श्री गोकर्णेश्वर नगरपालिका, काठमाडौं
श्री चन्द्रागिरी नगरपालिका, काठमाडौं
श्री टोखा नगरपालिका, काठमाडौं
श्री तारकेश्वर नगरपालिका, काठमाडौं
श्री दक्षिणकाली नगरपालिका, काठमाडौं
श्री नागार्जुन नगरपालिका, काठमाडौं
श्री बुढानिलकण्ठ नगरपालिका, काठमाडौं
श्री शंखरापुर नगरपालिका, काठमाडौं
श्री महालक्ष्मी नगरपालिका, ललितपुर
श्री गोदावरी नगरपालिका, ललितपुर
श्री चाँगुनारायण नगरपालिका, भक्तपुर
श्री भक्तपुर नगरपालिका, भक्तपुर
श्री मध्यपुर थिमि नगरपालिका, भक्तपुर
श्री सुर्यविनायक नगरपालिका, भक्तपुर

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री वातावरण विभागको प.सं ०८१/८२ च.नं १०४६ मिति २०८१/११/२५ बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा विषयक पत्र र निर्णय छाँया प्रति यसैसाथ संलग्न छ । माननीय वन तथा वातावरण मन्त्री श्री ऐन बहादुर शाही ठकुरीको संयोजकत्वमा मिति २०८१/११/२ गते बसेको वायु प्रदुषण नियन्त्रण सम्बन्धी सरोकारवाला नियकाय सँगको बैठकको निर्णय नं ६ र ७ तहाँ पालिकासँग सम्बन्धित रहेकोले उक्त निर्णय कार्यान्वयन/सहजीकरण गरी सो को जानकारी श्री वातावरण विभागमा दिनहुन निर्णयानुसार अनुरोध छ ।

(जय राम उप्रेती)
शाखा अधिकृत

बोधार्थः

श्री वातावरण विभाग, काठमाडौं।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
**वातावरण विभाग**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ३९९९
दर्ता मिति:- ११/२६

पत्र संख्या :- ०८१/८२
चलानी नं:- १०४६

मितिः २०८१/११/२५
ने.स.११४५ चिल्लाथ्व

विषयः <u>बैठकको निर्णय पठाईएको सम्बन्धमा</u>।

श्रीमान् सहसचिव ज्यू,
संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ,
सिंहदरबार, काठमाडौं।

प्रस्तुत विषयमा मिति २०८१।११।०२ गते वन तथा वातावरण मन्त्रालयमा माननीय वन तथा वातवारण मन्त्री श्री ऐन बहादुर शाही ठकुरीज्यूको संयोजकत्वमा बसेको वायु प्रदूषण नियन्त्रण सम्बन्धमा सरोकारवाला निकायसँगको बैठकको निर्णय आवश्यक कार्यान्वयनका लागि यसै पत्रसाथ संलग्न गरिएको व्यहोरा सादर अनुरोध छ।

वातावरण तथा विपद व्यवस्थापन शाखा
२०८१।११।२७

(हसना श्रेष्ठ)
वातावरण निरीक्षक

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

**मिति २०८१/११/०२ गते शुक्रवार वन तथा वातावरण मन्त्रालयमा माननीय मन्त्री श्री ऐन बहादुर शाही ठकुरीज्युको संयोजकत्वमा वायु प्रदुषण नियन्त्रण सम्बन्धमा सरोकारवाला निकायका प्रतिनिधिहरु सम्मिलित बैठकका निर्णयहरुः**

१. काठमाडौं उपत्यका वायु गुणस्तर व्यवस्थापन कार्ययोजना परिमार्जन सहित तर्जुमा गर्ने मस्यौदा वातावरण विभागले तयार गरि स्वीकृतिको लागि वन तथा वातावरण मन्त्रालयमा पेश गर्ने।

२. काठमाडौं उपत्यका वायु गुणस्तर व्यवस्थापन कार्ययोजनामा भएका क्रियाकलापहरु कार्यान्वयनको लागि ति क्रियाकलापहरुलाई बजेट बिनियोजनको लागि सम्बन्धित निकायहरुलाई वातावरण विभागले अनुरोध गर्ने।

३. Vehicle Fitness Testing Center (VFTC) पर्याप्त नभएकाले VFTC को संख्या वृद्धिको लागि यातायात व्यवस्था विभागलाई अनुरोध गर्ने।

४. बिद्युतिय सवारी साधनको मापदण्ड निर्धारणको लागि यातायात व्यवस्था विभागलाई अनुरोध गर्ने।

५. EIA को प्रक्रियालाई सरलीकरण र सहजीकरण गर्ने र प्रभावकारी अनुगमन प्रणालीको निर्माण गर्ने।

६. शहरी हरियाली क्षेत्रको प्रर्वद्धनको लागि स्थानिय तहसँग समन्वय गर्न संघिय मामिला तथा सामन्य प्रशासन मन्त्रालयमा पत्राचार गर्ने ।

७. खुला फोहर जलाउने कार्य निरुत्साहित्र गर्नको लागि मन्त्रालय तथा विभागले प्रचार प्रसार व्यापक बनाउने साथै प्रदेश तथा स्थानिय तहलाई अनुरोध गर्ने।

८. बिद्युतिय सवारी साधनहरुको चार्जिङ्गको लागि चार्जिङ्ग स्टेसन थप गर्न सार्वजनिक ठाउँ पहिचान गर्न विद्युत प्राधिकरणलाई पत्राचार गर्ने ।

०८१।११।०२

डा. दीपक कुमार खराल
सचिव

मन्त्री
वन तथा वातावरण